नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
## धनकुटा

फोन नं :- ०२६-५२०१३१
०२६-५२०१३२
Email :- daodhankuta@gmail.com

पत्र संख्या : २०७८/७९
चलानी नं. : १२१८

मिति : २०७८।०७।११

विषय : <u>हातहतियारको नविकरण तथा नामसारी सम्बन्धमा ।</u>

श्री धनकुटा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धनकुटा ।
श्री पाख्रिबास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धनकुटा ।
श्री महालक्ष्मी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धनकुटा ।
श्री छथरजोरपाटी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धनकुटा ।
श्री सहिदभूमी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धनकुटा ।
श्री साँगुरीगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धनकुटा ।
श्री चौबिसे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धनकुटा ।

प्रस्तुत विषयमा गृह मन्त्रालयको च.नं. ६१९, मिति २०७८।०६।१२ को पत्रानुसार हातहतियार खरखजाना नियमावली(दशौं संशोधन), २०२८ यसै पत्रसाथ संलग्न छ । व्यहोरा संलग्न नियमावलीबाट अवगत गर्नु भई, उक्त नियमावलीको नवीकरण तथा नामसारी सम्बन्धी व्यवस्थाको सूचना तहाँबाट समेत सरोकारवालाहरुलाई जानकारी गराईदिने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ ।

०७८।०७।११
राम नारायण श्रेष्ठ
सहायक प्रमुख जिल्ला अधिकारी

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, भदौ २१ गते, २०७८ साल (संख्या २०


## भाग ३

नेपाल सरकार

## गृह मन्त्रालयको सूचना

### हातहतियार खरखजाना (दशौं संशोधन) नियमावली, २०७८

हातहतियार खरखजाना नियमावली, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

हातहतियार खरखजाना ऐन, २०१९ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "हातहतियार खरखजाना (दशौं संशोधन) नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **हातहतियार खरखजाना नियमावली, २०२८ को नियम १०क. मा संशोधन:** हातहतियार खरखजाना नियमावली, २०२८ (यसपछी "मूल नियमावली" भनिएको) को नियम १०क. को,-

(१) उपनियम (१क) को सट्टा देहायको उपनियम (१क) राखिएको छ:-

"(१क) उपनियम (१) को खण्ड (ङ) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण गराउन नसकेका इजाजतपत्रवालाले नवीकरण हुन नसकेको मनासिव कारण देखाई अन्तिम एक पटकको लागि संवत् २०७८ साल पुष मसान्तभित्र निवेदन दिएमा नियम १० बमोजिम लाग्ने दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि दुई हजार पाँच सय रुपैयाँ थप दस्तुर लिई इजाजतपत्र नवीकरण गरिनेछ।"

(२) उपनियम (२) मा रहेको "हातहतियार" भन्ने शब्दको सट्टा "हातहतियार, खरखजाना" भन्ने शव्दहरु राखिएका छन्।

३. **मूल नियमावलीको नियम ११ मा संशोधन** : मूल नियमावलीको नियम ११ को,-

(१) उपनियम (१) को खण्ड (ख) मा रहेका "प्रशासन अधिकृत" भन्ने शव्दहरुको सट्टा "प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत" भन्ने शव्दहरु राखिएका छन्।

(२) उपनियम (३) मा रहेका "सीमा प्रशासन अधिकृतले" भन्ने शव्दहरुको सट्टा "प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृतले" भन्ने शव्दहरु राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) ठाउँ ठाउँमा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ।

४. <u>मूल नियमावलीको नियम १७ मा संशोधन</u> : मूल नियमावलीको नियम १७ को उपनियम (५क) को सट्टा देहायको उपनियम (५क) राखिएको छ :-

"(५क) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ हुँदाका बखत कुनै हातहतियार खरखजानाको नामसारी गराउन छुट भएको भए अन्तिम एक पटकको लागि संवत् २०७८ साल पुष मसान्तभित्र मनासिब कारण देखाई निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि दुई हजार पाँच सय रुपैयाँ नामसारी दस्तुर लिई नामसारी गरिनेछ ।"

५. <u>मूल नियमावलीको अनुसूची-११क. मा संशोधन</u> : मूल नियमावलीको अनुसूची-११क. को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन् :-

"(क) हातहतियार राख्ने इजाजतपत्र:

| विवरण | इजाजतपत्र दस्तुर (रुपैयाँमा) | | नवीकरण दस्तुर (रुपैयाँमा) | |
|---|---|---|---|---|
| | जिल्लाभर | नेपालभर | जिल्लाभर | नेपालभर |
| १. पिस्तोल, रिभल्वर वा मिनिएचर राइफल सहित अन्य राइफल प्रत्येकको | ५,०००।- | ६,०००।- | ३,०००।- | ४,०००।- |
| २. टोटावाल बन्दुक वा मिनिएचर राइफल प्रत्येकको | ४,०००।- | ५,०००।- | २,०००।- | ३,०००।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ३. भरुवा बन्दुक प्रत्येकको | ३,०००।- | ३,०००।- | १,५००।- | २,०००।- |
| ४. हावादारी बन्दुक प्रत्येकको | २,०००।- | २,५००।- | १,०००।- | १,५००।- |

(ख) हातहतियार खरखजाना उत्पादन गरी बिक्री गर्ने इजाजतपत्रः

| विवरण | इजाजतपत्र दस्तुर (रुपैयाँमा) | नवीकरण दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. हातहतियारको | २५,०००।- | १५,०००।- |
| २. खरखजानाको | २०,०००।- | १५,०००।- |
| ३. हातहतियार खरखजाना दुवैको | ३५,०००।- | २०,०००।-" |

आज्ञाले,
टेकनारायण पाण्डे
नेपाल सरकारको सचिव।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।